# बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बेलबारी, मोरङ

## सेवा करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित भएको मितिः २०८२/०९/२१**

बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयका लागि तपसिलका पदहरुको खुल्ला प्रतियोगिताद्वारा सेवा करारमा पदपूर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा माग बमोजिमको विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद/तह | माग संख्या | योग्यता | परिक्षाको किसिम | दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०२/२०८२/०८३ | जनस्वास्थ्य अधिकृत/अधिकृतस्तर सातौं | १ | जनस्वास्थ्य विषयमा कम्तीमा स्नातक तहको योग्यता हासिल गरी NHPC मा दर्ता भएको | संक्षिप्त सूची, लिखित परीक्षा (बहु वैकल्पिक बस्तुगत) र अन्तवार्ता | १२००।- |
| २ | ०३/२०८२/०८३ | हेभि सवारी चालक/श्रेणी बिहिन | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा ८ वा सो सरह उत्तिर्ण गरेको र ग्रुप G (Truck, Bus, Lorry) को सवारी चालक अनुमति पत्र प्राप्त गरेको | संक्षिप्त सूची, प्रयोगात्मक परीक्षा र अन्तवार्ता | ४००।- |
| ४ | ०४/२०८२/०८३ | हलुका सवारी चालक/श्रेणी बिहिन | २ | साधारण लेखपढ गर्न जान्रुने र ग्रुप B (Car, Jeep, Delivery Van) को सबारी चालक अनुमति पत्र प्राप्त गरेको | संक्षिप्त सूची, प्रयोगात्मक परीक्षा र अन्तवार्ता | ४००।- |
| ५ | ०५/२०८२/०८३ | कार्यालय सहयोगी/श्रेणी बिहिन | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा ८ वा सो सरह उत्तिर्ण गरेको | संक्षिप्त सूची, लिखित परीक्षा (बहु वैकल्पिक बस्तुगत) र अन्तवार्ता | ४००।- |

- कार्य अवधिः हाललाई २०८३ असार मसान्तसम्म, कार्यालयको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण गर्न सकिनेछ ।
- तलव तथा अन्य सुविधा : करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।
- आवश्यक कागजातहरु : नेपाली नागरिकताको प्रतिलिपी, न्यूनतम शैक्षिक योग्यताको लब्धांक पत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सवारी चालकको हकमा सवारी साधन अनुमति पत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजातहरुको प्रतिलिपि, स्थानीयता खुल्ने प्रमाणपत्रको प्रतिलिपी तथा पासपोर्ट साईजको २ प्रति फोटो। पेश गरिने सबै कागजातको पछाडी उम्मेदवार स्वयंले प्रमाणित गर्नु पर्नेछ।
- दरखास्त दिने अन्तिम मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात २०८२/१०/०५ गते कार्यालय समय भित्र (दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक विदा परेको खण्डमा सो को भोलिपल्ट)।
- दरखास्त बुझाउने स्थानः बेलबारी नगरपालिकाको कार्यालय, बेलबारी, मोरङ।
- उमेर हदः जनस्वास्थ्य अधिकृत र हेभि सवारी चालकको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको तथा अन्यको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको।
- पाठ्यक्रमः बेलबारी नगरपालिकाको वेबसाईटमा राखिएको छ।
- थप जानकारीका लागि बेलबारी नगरपालिकाको कार्यालय वा प्रशासन शाखाबाट जानकारी लिन सक्नु हुनेछ।

**पदपूर्ति समिति**
**बेलबारी नगरपालिका मोरङ**